# संघीय संसद, संसदीय सुनुवाई समिति समक्ष समर्पित कार्ययोजना

प्रस्तोताः अब्दुल अजीज मुसलमान

## यसभित्र


१) सम्वोधन खण्ड

२) परिचय र विषय प्रवेश खण्ड

३) न्यायपालिकाप्रतिको जनआस्थाको अभिवृद्धि नै आजको आवश्यकता

४) न्यायपालिकाको चालु रणनीतिक योजनाको संक्षिप्त जानकारी

५) सर्वोच्च अदालतमा विचाराधिन मुद्दाहरुको फछ्र्यौटमा मेरो प्रयास

६) फैसला तयारी र फैसला कार्यान्वयनतर्फ मेरो अग्रसरता

७) निष्कर्ष

संघीय संसद, संसदीय सुनुवाई समितिका सभापति ज्यू,
समितिका माननीय सांसद सदस्यज्यूहरु, संघीय संसदका महासचिवज्यू,
समितका सचिवज्यू तथा राष्ट्र सेवक पदाधिकारीज्यूहरु।

विषयः कार्ययोजना प्रस्तुत गरेको।

**परिचय तथा विषय प्रवेश**

न्यायपरिषदको मिति २०८०।०८।०५ को निर्णय बमोजिम सम्मानित सर्वोच्च अदालतको न्यायाधीशको पदमा मलाई सिफारिस गरिएकोले नेपालको संविधानको धारा २९२ को उपधारा (२) मा भएको संवैधानिक व्यवस्था अनुसार संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य संचालन) नियमावली २०८० को परिच्छेद ५ को नियम २५ को प्रवन्ध अनुसार संसदीय सुनुवाईको निमित्त यस समिति समक्ष उपस्थित भएको छु।

राज्यभित्रको कार्यकारिणीले वा संवैधानिक परिषद वा न्यायपरिषदले सार्वजनिक महत्वको पदमा नियुक्ति का लागि प्रस्ताव एवं सिफारिस गरेका व्यक्तिहरुको विगतको सामाजिक जीवनको समिक्षा, सिफारिस भएको पदको दक्षता, सो पदमा रही कार्य गर्दाको क्षमता र पद प्रतिको इमान्दारीताको परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिका प्रति उत्तरदायी र जवाफदेही तुल्याउने प्रजातान्त्रिक प्रक्रिया नै संसदीय सुनुवाई हो। नेपालको संवधानको धारा २९२(१) मा नेपालको प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनु अघि संसदीय सुनुवाइको माध्यमबाट सिफारिस गरिएको व्यक्तिको परिक्षण गरिने संवैधानिक व्यवस्था छ।

कानुनको अध्ययनको सिलसिलामा र मैले विगतमा व्यतित गरेको मेरो सामाजिक जीवनको सम्वन्धमा यस भन्दा अघि समितिलाई पठाएको मेरो बायोडाटाबाट अध्ययन मनन हुने नै छ भन्ने विश्वास लिएको छु भने कानुन व्यवसायको क्षेत्रमा नेपालगंजलाई मेरो व्यवसायिक कार्यस्थलको रुपमा पहिचान र छनोट गरी करीव २८ बर्षको निरन्तर कानुन व्यवसायी जीवन तथा नेपाल बार काउन्सिल, नेपाल बार एशोसियसन लगायत विभिन्न संघसंस्थासँग आवद्ध रही आफ्नो कार्यप्रति देखाएको निष्ठा साथै २०७०।०२।२७ मा तत्कालिन पुनरावेदन अदालतको न्यायाधीशको रुपमा नियुक्त भएपछि विभिन्न अदालतहरुमा गरेको मुद्दा फछ्र्यौट लगायत न्यायपालिकाको सुधारको कार्यमा देखाएको तदारुकता, अदालतमा प्रवेश गर्ने सेवाग्राहीप्रतिको मेरो व्यवहार र सेवाग्राहीले मप्रति देखाएको विश्वास,

अदालतप्रतिको जनआस्था वृद्धिको निमित्त गरेका न्यायिक एवं प्रशासनिक कार्य समेतबाट सर्वोच्च अदालतको न्यायाधीश पदको निमित्त आवश्यक पर्ने दक्षता, क्षमता र इमान्दारीता हासिल गरी नियुक्तिका लागि उपयुक्त भएको भन्ने यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु। मलाई यस पदको नियुक्तिका लागि सिफारिस गरेको सम्मानित न्यायपरिषदप्रति हार्दिक आभार प्रकट गर्दछु।

**न्यायपालिकाप्रतिको जनआस्थाको अभिवृद्धि नै आजको आवश्यकता**

हाम्रो मुलुक नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास र अवलम्बन गरी शासन संचालन भई रहेको मुलुक हो। यस मुलुकले अंगिकार गरी जीवन पद्धतिको रुपमा नेपाली जनताले स्वीकृत गरी अपनाएको यो शासन व्यवस्थामा विभिन्न तह तपका र पदमा बसी काम गर्ने व्यक्तित्व महानुभावहरुले सोही बमोजिमको आचरणको प्रदर्शन र व्यवहार जनतासँग र आफू कार्यरत निकायमा प्रकट गरेको खण्डमा यस शासन प्रणालीप्रतिको जनआस्था र जनविश्वास अझै बढ्ने कुरामा दुईमत हुन सक्दैन। यसै सन्दर्भमा राज्यका ३ अंगमध्ये न्यायपालिकाको एक कर्मठ सदस्यको रुपमा आफूलाई पहिचान गराउन विगत देखि पुनरावेदन अदालत, उच्च अदालत र मुख्य भई काम गर्ने अवसर प्राप्त गरेको छु। नेपालको न्यायपालिकाको आफ्नै गौरवमय इतिहास रहेको छ। नागरिकले प्रकट गरेको आस्थाको आधारमा न्यायालयले जीवन पाउने हो भन्ने हामी न्यायकर्मीले हेक्का राख्नु पर्दछ। जसरी अरु मुलुकको न्यायपालिकाहरुको भौतिक पुर्वाधार, प्रविधियुक्त व्यवस्थापन एवं आकर्षक बजेटको व्यवस्थापन सहित संचालनमा रहेका छन्। त्यस रुपमा हाम्रो न्यायपालिकालाई पर्याप्त साधन स्रोतको व्यवस्थापन हुन नसकेपनि न्यायपालिकाले प्राप्त गरेको स्रोत साधनभित्र रही आफ्नो सेवा प्रवाहमा कुनै कमी कमजोरी हुन दिइने छैन भन्ने तथ्य यहाँहरु समक्ष जाहेर गर्न चाहन्छु। आगामी दिनमा न्यायपालिकालाई सोही रुपमा अगाडि बढाउन मेरो प्रयास रहने प्रतिबद्धता व्यक्त गर्दछु।

लोकतान्त्रिक प्रक्रियाको कसी जाँच्ने अंग न्यायपालिका हो। लोकतान्त्रिक पद्धतिलाई मजबुद एवं सुदृढ गर्ने यन्त्र पनि न्यायपालिका हो। न्यायपालिका स्वतन्त्र, निष्पक्ष, पारदर्शी बनाउनु न्यायपालिका र यसभित्र कार्यरत न्यायाधीश र कर्मचारीको कर्तव्य हो। न्यायपालिका स्वतन्त्र, निर्भिक, पारदर्शी र जनताप्रति जवाफदेही हुनुपर्ने कुरामा मेरो विश्वास रहेको छ। न्यायपालिकाको हरेक काम कारवाही प्रति जनताले स्वच्छ आलोचना गर्न पाउनु पर्दछ भन्ने पनि मेरो विश्वास रहेको छ। सर्वोच्च अदालत सबैभन्दा माथिल्लो तहको न्यायिक निकाय भएकोले असल एवं राम्रा कार्यहरु एवं उत्कृष्ट कौशलको प्रयोग होस् भन्ने सबैको वैद्य

अपेक्षा रहनु स्वाभाविक पनि हो। विगत समयदेखि नेपालको न्यायपालिकाप्रति विभिन्न किसिमका आलोचनाहरु पनि हुँदै आए पनि वर्तमान नेतृत्व भन्दा केही समय अगाडि देखि नै उक्त आलोचनाहरुको न्यूनिकरण भएको छ। न्यायालय लोकतन्त्रको धरोहर भएकोले यसलाई आलोचनामुक्त बनाउनु सबैको कर्तव्य हो। न्यायालयलाई आलोचनामुक्त बनाउनमा कार्यरत न्यायकर्मी तथा कर्मचारीहरुको कार्यसंस्कृतिमा सुधारको आवश्यकता छ। यस कार्यमा मेरो पनि अतुलनीय योगदान रहने छ भन्ने यहाँहरु समक्ष निवेदन गर्दछु।

न्यायपालिकाको विषयमा समाजले धेरै प्रश्न गरेको यहाँहरुलाई समेत विदितै छ। वर्तमान अवस्थामा बढ्दो सामाजिक संजालको प्रयोगले पुष्ट अपुष्ट दुवै सूचनाहरु आउँछन् जो कसैले लुकाउन सक्दैन। दिनहुं पत्रपत्रिका पढ्दा, हेर्दा र सुन्दा तमाम आशंकाहरु उत्पन्न हुन्छन् तर यो संस्थालाई पवित्र राख्न हामी न्यायकर्मीहरुको पुनित कर्तव्य भएकोले पनि न्यायालयको जनआस्था वृद्धिमा योगदान गर्न सक्छु भन्ने मलाई लागेको छ।

अदालत जनताको अन्तिम आस्थाको केन्द्र हो र यो जनआस्था कायम रहनु पर्दछ भन्ने मेरो विश्वास छ। कही कतै कुनै उपचार नपाएको अवस्थामा अदालतको ढोका ढकढकाइन्छ अदालत गएपछि वास्तविक र अन्तिम न्याय प्राप्त हुन्छ भन्ने आम जनविश्वास छ। यसको साथै अदालतमा आफ्नो याचना प्रस्तुत गर्दा जनताले न्यायिक भोक र न्यायिक तृष्णा मेटिने अपेक्षा राखेका हुन्छन्। यस निर्विवाद तथ्यलाई प्रत्येक न्यायकर्मीले आत्मसाथ गर्नै पर्दछ। अदालतमा पेश भएका विवादहरुको यथाशिघ्र संवोधन होस भनी हरेक सेवाग्राहीले अपेक्षा राख्नु स्वाभाविक हो। यस कार्यमा म कर्तव्यनिष्ठ रही अगाडी बढ्ने प्रतिबद्धता जाहेर गर्दछु।

**माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,**

न्यायपालिकाको चालु रणनीतिक योजना सम्वन्धमा

आफूसँग उपलब्ध सीमित साधन र स्रोतको परिचालन गरी अपेक्षित सुधारको परिणाम प्राप्त गर्ने माध्यम नै योजना र कार्ययोजना हो। मानिस चेतनशिल प्राणी भएकोले पनि आफन्त परिवार र राष्ट्र समाजलाई गतिशिल बनाउन योजना बनाए जस्तै न्यायपालिकाले आफ्नो रणनीतिक कार्ययोजना बनाई विगत २० बर्षदेखि लागु भैरहेको छ। समाज परिवर्तनशिल हुन्छ, परिवर्तनको चाहना राख्नु प्रत्येक नागरिकको अपेक्षा हुन्छ। चालु रणनीतिक योजनाबाट समाजले गरेको अपेक्षा पुरा हुने विश्वास छ। हाल न्यायपालिकामा लागू रहेको चौथो रणनीतिक योजनाका मुख्य मुख्य बुँदाहरु संक्षेपमा राख्न चाहन्छु।

रणनीतिक योजनाको लक्ष्य यसप्रकार छः-

१। छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन ।

२। न्यायमा पहुँच अभिवृद्धि ।

३। न्यायिक सुशासनको प्रवर्धन।

४। अदालत व्यवस्थापन सुदृढिकरण ।

५। न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि ।

उल्लेखित लक्ष्य परिपूर्ति गर्न निम्न बमोजिमको रणनीति अवलम्वन गरिएको छ।

**१) छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन**

- मुद्दाको शिघ्र फछ्यौंट ।
- मुद्दा व्यवस्थापन पद्धतिमा सुधार ।
- न्यायिक काम कारवाही र मुद्दाको फैसलामा गुणस्तरियता अभिवृद्धि ।
- विवाद समाधानका वैकल्पिक उपायहरुको प्रयोगलाई प्रभावकारी बनाउनु ।
- फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउनु।

**२) न्यायमा पहुँच अभिवृद्धि**

- न्यायमा पहुँचहरुको अवरोधहरुको सम्वोधन।
- सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउनु।
- कानुनी सहायतालाई प्रभावकारी बनाउनु।
- न्यायिक प्रक्रिया र प्रणालीबारे सूचना प्रवाह।
- पीडितमैत्री न्याय प्रणालीको सुदृढीकरण।

**३) न्यायिक सुशासनको प्रवर्द्धन**

- न्यायिक स्वतन्त्रता र स्वायत्तताको प्रबर्धन।
- न्यायिक उत्तरदायित्व र जावाफदेहिता अभिवृद्धि।
- न्यायिक जनशक्तिमा कार्य संस्कृतिमा सुधार।
- अदालती कामकारवाहीमा अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाउने।

**४) अदालत व्यवस्थापनको सुदृढीकरण**

- मानव संशाधन व्यवस्थापन सुदृढीकरण ।
- भौतिक र सेवा पुर्वाधारमा सुधार एवं वित्तिय व्यवस्थापन गर्ने।
- सूचना प्रविधिको संस्थागत सुदृढिकरण र क्षमता अभिवृद्धि।

- संहिताहरुको नतिजामूलक र प्रभावकारी कार्यान्वयनको व्यवस्थापन।
- न्यायिक अध्ययन र अनुसन्धान पद्धतिको विकास।
- योजना कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउने।

५) न्यायपालिका प्रतिको आस्था र विश्वास अभिवृद्धि

- अदालतको कामकारवाहीमा सेवाग्राहीको सन्तुष्टि अभिवृद्धि।
- न्यायिक सूचना संचार र शिक्षा पद्धतिको सुधार।
- अदालतको सरोकारवालासँग सम्वन्ध र सहयोग सुदृढ तुल्याउने ।

न्यायालय क्षेत्रको सुधारको विषय न्यायालयमा रणनीतिक योजना लागू भएपछि महसुस हुन थालेको हो भन्ने कुरामा दुईमत हुन सक्दैन। उल्लेखित रणनीतिक योजनालाई सफल पार्न प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्दछु।

**माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,**

**सर्वोच्च अदालतमा विचाराधिन मुद्दाहरुको फछ्यौंटमा मेरो प्रयास**

सर्वोच्च अदालतमा विचाराधिन मुद्दाको मुद्दा व्यवस्थापन पद्धतिमा सुधारको लागि भइरहेका कार्यहरु र सो कार्यका लागि गठन भएका विभिन्न समिति, उपसमितिहरुसँग आवद्ध रही आगामी दिनमा कार्य गर्नुको साथै सम्मानित सर्वोच्च अदालतले अंगिकार गरेको रणनीतिक योजनामा उल्लेखित फरक मुद्दा व्यवस्थापन र बक्यौता मुद्दा न्यूनिकरण जस्ता महत्वपूर्ण आयामहरु तथा सम्माननीय प्रधानन्यायाधीशज्यूबाट समय समयमा दिइने निर्देशन एवं अवलम्बन गरिने नीति एवं कार्यक्रमलाई शिरोधार्य गरी कार्य रुप दिई पुरा गर्दै जाने समेत यहाँहरु समक्ष अवगत गराउन चाहन्छु।

सर्वोच्च अदालतमा हाल मुद्दाको संख्याको चाङ छ, उक्त मुद्दाहरु शिघ्र अतिशिघ्र फछ्यौंट गर्न नितान्त जरुरी छ। यस विषयमा सम्वन्धित सवैको ध्यान जान जरुरी पनि छ। भनिन्छ न्याय ढिलो दिनु न्याय दिन इन्कार गर्नु हो। सर्वोच्च अदालतमा विचाराधिन फछ्यौंट हुन नसकेका मुद्दाहरुलाई निम्न बमोजिमको रणनीति अवलम्बन गरी फर्छ्यौट गर्ने गराउने मेरो प्रयास रहने छ।

१) इजलासको तर्फबाट

- इजलासमा पेश भएका मुद्दाहरुको अंग पुगेको छ भने सोही दिन फछ्यौंट।
- अनावश्यक आदेशलाई निरुत्साहन गर्ने।

- साना प्रकृतिका र पारिवारिक एवं विशिष्टिकृत विवाद समावेश भएको मुद्दाहरुको लागि छुट्टै इजलास गठनको लागि प्रयास गर्ने।
- प्रत्यर्थी नझिकाइएका मुद्दाहरुको छुट्टै बार निर्धारण गरी पेशी तोक्न प्रयास गर्ने।
- रिट, दो.पा. जस्ता निवेदनहरु छुटाछुट्टै राख्ने।
- सरकारवादी देवानी फौजदारी र दुनियावादी देवानी फौजदारी मुद्दाको छुट्टाछुट्टै बार तोक्ने।
- इजलासको मर्यादा कायम तथा व्यवस्थापनमा जोड दिने।

## २) व्यवस्थापन (प्रशासन) को तहमा गर्ने कार्य

- अभियान मुद्दा वर्गिकरण।
- वर्ष छुट्याई मुद्दाको वर्गीकरण ।
- पेशी चढ्नु अघि निरीक्षकद्वारा मुद्दाको पूर्ण अध्ययन टिपोट।
- सवै मुद्दाको मुख्य मुख्य कागजको दुइप्रति वा तीन प्रति मिसिल तयार गरी इजलासमा बस्ने । प्रत्येक न्यायाधीशले इजलासमै अध्ययन गर्न पाउने व्यवस्था मिलाउने।
- मुद्दाको निरीक्षण, अनुगमन निरन्तर गर्ने गराउने।
- न्यायाधीश, कर्मचारी अनावश्यक विदा नबस्ने प्रतिबद्धता।

## ३) कानुन व्यवसायीहरुको तहबाट सहयोगको अनुरोध

- बहस व्यवस्थापन/बहसनोट प्रस्तुत गराउने।
- Leading Lawyer को Concept अगाडि बढाउने ।
- अनावश्यक रुपमा कानुनमा उल्लेख गरेभन्दा बाहेक मुद्दा स्थगित नगरिदिने।
- वकालतनामा दर्ता भैसकेपछि कानुन व्यवसायी यथासमयमा अनिवार्य रुपले इजलासमा उपस्थित हुने गरी व्यवस्थापन गर्ने।

उपरोक्त अनुसारको मेरो दृष्टिकोण र योजना फुलकोर्टको बैठकबाट सर्वसम्मत गराउने प्रयास हुनेछ।

## फैसला तयारी र फैसला कार्यान्वयन तर्फ

आफूले राय दिएका फैसलाहरु कानुनले तोकेको अवधिभित्र तयार गरी प्रमाणिकरण एवं विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु गराउनु मेरो प्रयास रहने छ। भनिन्छ फैसला न्यायको मोडालिटी देखाउने दस्तावेज मात्र हो, न्यायले सार्थकता प्राप्त गर्न फैसला कार्यान्वयन

हुनुपर्दछ। वास्तविक न्यायको प्राप्ति फैसला कार्यान्वयन भएपछि मात्र हुने हुँदा फैसला कार्यान्वयनतर्फ रणनीतिक योजनाले अवलम्बन गरेको नीति लागू गर्न मेरो विशेष जोड रहने कुरा निवेदन गर्न चाहन्छु। फैसला कार्यान्वयनतर्फ मुख्य रूपले निम्न बमोजिमको कार्य गर्न प्रतिबद्धता व्यक्त गर्दछु।

क. फैसला कार्यान्वयनको विषयमा पर्ने रिट, निवेदनहरु प्राय स्थगित नगर्ने।

ख. त्यस्तो फैसला चाँडै तयार गरी अपलोड गराउने र कार्यान्वयन तहमा पठाउन लगाउने।

## निष्कर्ष

सर्वोच्च अदालतको न्यायाधीशको पद नितान्त न्यायिक काम कारवाहीमा समर्पित हुने पद हो। सर्वोच्च अदालतको न्यायाधीशको रुपमा नियुक्त भई सकेपछि न्यायपालिकाको समग्र विकासमा व्यक्तिगत एवं संस्थागत रुपले तल्लिन रहनु पर्ने न्यायाधीशको कर्तव्य हुन्छ। न्यायाधीशले न्यायिक काम कारवाहीका अतिरिक्त असल एवं कुशल कार्य सम्पादकको रुपमा कार्य गर्न सक्नु पर्दछ भन्ने मेरो मान्यता रहेको छ। यसका लागि सम्वन्धित न्यायाधीशले जीवनभर न्यायिक निष्ठा कायम गर्ने गरी वस्नुपर्ने हुन्छ। न्यायाधीशको रुपमा तत्कालिन पुनरावेदन अदालतमा नियुक्त भएपछि अग्रजहरुले भनेका केही कुराहरु स्मरण गर्न चाहन्छु। तत्कालिन न्यायपरिषद सदस्यले सेवा प्रवेश तालिमको क्रममा भन्नु भएको थियो "न्यायाधीशको रुपमा नियुक्त हुनु भएको छ, न्यायाधीश भएर बसी दिनु होला" यो भनाई मेरो जीवन पद्धति बनेको छ। न्यायाधीशको रुपमा मानिस नियुक्त भई सकेपछि उसले "काम" मात्र ग्रहण गर्ने हो क्रोध, लोभ, मोह सबै त्याग गर्न सक्नुपर्दछ। उल्लेखित भनाई प्रति म प्रतिबद्ध छु।

माथि उल्लेख गरे झैं मैले आफूलाई असल कार्यसम्पादकको रुपमा प्रस्तुत गर्ने अठोट पनि गरेको छु। असल कार्य सम्पादकका लागि हुनुपर्ने महत्वपूर्ण गुणहरुमध्ये आफूमा अधिक उत्प्रेरणा जगाउने, आफ्नो कामको आफै योजना बनाउने, आफूले गर्ने कामप्रतिको उचित निर्णय प्रक्रिया अवलम्बन गर्ने, संगठनात्मक कलाको प्रयोग गर्ने, आफूभित्र रहेको नेतृत्वशीपको प्रयोग गर्ने, प्रभावकारी विचार प्रस्तुत गर्ने, अरुलाई कामप्रति उत्प्रेरित गर्ने, आफूभन्दा माथि र तल्लो तहमा काम गर्ने नेतृत्व एवं कर्मचारी वीच समन्वय र सहजीकरण गर्ने, निरन्तर क्षमता अभिवृद्धि तर्फ अग्रसर रहने, कार्य सम्पादन गर्दा समयको व्यवस्थापनमा ध्यान दिने, आफ्नो काममा कहिल्यै निराश नहुने, Self knowledge (स्वज्ञान) तथा अध्यात्मिकतातर्फ आफूलाई जोडेर राख्ने जस्ता विशेषता तथा गुणहरुको समुचित प्रयोग गरी **"न्यायपालिकाको स्वतन्त्रताः न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"** भन्ने नारालाई आत्मसात गर्दै कार्यसम्पादन गर्ने कुरा यहाँहरु समक्ष सविनय अनुरोध गर्दछु।

अन्तमा न्यायपरिषदको सिफारिस अनुसार आज सम्मानित समिति समक्ष सुनुवाईको क्रममा पेश गरेका आफ्ना प्रतिबद्धता बमोजिम नेपालको संविधान, नेपालमा प्रचलनमा रहेका ऐन, नियम, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, नेपालले अन्तराष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता, विभिन्न सन्धि सम्झौतामा गरेका अनुमोदन हस्ताक्षर, अन्तराष्ट्रिय मान्यता, विधिशास्त्रीय मान्यता समेतलाई आत्मसात गरी सम्मानित सर्वोच्च अदालतको न्यायाधीशको रुपमा कार्यसम्पादन गर्न पाउने गरी माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु एवं समग्र संघीय संसद, संसदीय सुनुवाई समितिले अवसर प्रदान गरोस भन्ने अपेक्षा गरेको छु।

*प्रस्तुतीको अवसर एवं सद्भावपूर्ण छलफलका लागि सबै माननीयज्यूहरुलाई धन्यवाद।*

प्रस्तोता

मिति २०८०।०८।१८

अब्दुल अजीज मुसलमान